श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।

न्याय प्रशासन सुधार ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना:– न्याय प्रशासन सुधार ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस अध्यादेशको नाम "न्याय प्रशासन सुधार (पहिलो संशोधन) अध्यादेश, २०३२" रहेको छ ।

(२) यो अध्यादेशको दफा ३, २०३२ साल भाद्र २५ गतेदेखि प्रारम्भ भएको मानिने छ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल ऐनको दफा १३ मा संशोधनः– (१) मूल ऐनको दफा १३ को उप-दफा (१) पछि देहायको उप-दफा (१ क) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५५

"(१ क) एकै लगाउका मुद्दाहरूमध्ये उप-दफा (१) बमोजिम कुनै मुद्दाको पुनरावेदन अञ्चल अदालतमा र कुनै मुद्दाको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्ने भएमा त्यस्ता सबै मुद्दाहरूको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्ने छ।"

(२) मूल ऐनको दफा १३ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–

"(३) उप-दफा (१) को खण्ड (क) अन्तर्गत वा अन्य प्रचलित नेपाल कानून बमोजिम अञ्चल अदालतले पुनरावेदन हेरी गरेको फैसला वा अन्तिम आदेशउपर देहायको कुनै प्रश्नमा प्रत्यक्षतः बिवादरहित त्रुटि भई अञ्चल अदालतको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखेमा क्षेत्रीय अदालतले आफू समक्ष पुनरावेदन गर्ने अनुमति दिन सक्नेछः–

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) कानूनको व्याख्यासम्बन्धी प्रश्न,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको वा जानाजान प्रत्यक्ष वा खास प्रमाण छाडी इन्साफ तल माथि गरेको भन्ने प्रश्न, वा

(घ) वाध्यात्मक रूपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लङ्घन भएको प्रश्न।"

३. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u>– मूल ऐनको दफा १८ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) मुख्य न्यायाधीशको मासिक पारिश्रमिक एक हजार नौसय पचपन्न रु. र अन्य क्षेत्रीय न्यायाधीशको मासिक पारिश्रमिक एक हजार सातसय पच्चीस रूपैयाँ हुनेछ।"

४. <u>मूल ऐनको दफा २४ मा संशोधनः</u>– मूल ऐनको दफा २४ को उप-दफा (२) पछि देहायका उप-दफा (३) र (४) थपिएका छन्ः–

"(३) उप-दफा (२) बमोजिम स्रेस्तादारले गरेको थुनछेकको आदेशउपर न्यायाधीशले आफू अदालतमा उपस्थित भएपछि यथाशीघ्र पुनर्विचार गरी त्यस्तो आदेश कानूनबमोजिम भएको नदेखिएमा कानूनबमोजिम गर्नु गराउनु पर्नेछ।

(४) जिल्ला न्यायाधीश वा निजको अनुपस्थितिमा जिल्ला अदालतको स्रेस्तादारले गरेको थुनछेकसमेत मुद्दाको कारवाईमा अञ्चल अदालतमा परेको उजूरीमा सो अदालतको न्यायाधीशले मात्र कारवाई किनारा गर्न पाउनेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मुद्दाहरू सर्ने:– यो अध्यादेश प्रारम्भ हुँदा जिल्ला अदालतको अन्तिम निर्णयउपर अञ्चल अदालतमा पुनरावेदन परी छिन्न बाँकी रहेका मुद्दाहरूमध्ये मूल ऐनको दफा १३ को उप-दफा (१ क) बमोजिम क्षेत्रीय अदालतमा पुनरावेदन लाग्ने मुद्दाहरू सम्बन्धित क्षेत्रीय अदालतमा सर्नेछन्।

६. मूल ऐनको अनुसूची ४ मा संशोधन:– मूल ऐनको अनुसूची ४ को क्रमसंख्या २ को सट्टा देहायको क्रमसंख्या २ राखिएको छ:–

"२. हुलाक ऐन, २०१९ दफा २३"

७. मूल ऐनको अनुसूची ५ मा संशोधन:– मूल ऐनको अनुसूची ५ को सट्टा यसैसाथ संलग्न अनुसूची ५ राखिएको छ:–

अनुसूची–५

(दफा ३१ को उप-दफा (२) संग सम्बन्धित)

क्र.सं.	ऐनको संक्षिप्त नाम	संशोधन
१.	आवश्यक वस्तु संरक्षण ऐन, २०१२	दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ:– ९. मुद्दा हेर्ने अधिकार र पुनरावेदन:– यो ऐन अन्तर्गतको मुद्दा अञ्चलाधीशले हेर्नेछ र त्यसउपरको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्नेछ।
२.	नागरिक अधिकार ऐन, २०१२	१. दफा १६ को देहायको खण्ड (१) र (२) को सट्टा देहायको खण्ड (१) र (२) राखिएको छ:– (१) वागमती अञ्चलको हकमा सर्वोच्च अदालत, (२) अरू अञ्चलको हकमा सम्बन्धित अञ्चल अदालत। २. दफा १७ को उप-दफा (२) मा रहेको "पुनरावेदन सुन्ने अधिकार भएको अदालतमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएको छ।
३.	विकास समिति ऐन, २०१३	१. दफा ९ को उप-दफा (३) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३. दफा ६ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" र "प्रधान न्यायाधीश" भन्ने शब्दहरूको सट्टा क्रमश: "क्षेत्रीय अदालत" र "सो अदालतका मुख्य न्यायाधीश" भन्ने शब्दहरू राखिएको छ।

४. नेपाल निजामती सेवा ऐन, २०१३ — दफा ६ को उप-दफा (१) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

५. निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ — दफा ६ को उप-दफा (२) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

६. रेडियो ऐन, २०१४ — दफा ६ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

७. तथ्यांक ऐन, २०१५ — दफा १० को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ:–

(३) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारी वा महानिर्देशकले गरेको निर्णयउपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ।

८. नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ — दफा २३ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

९. कोर्ट फी ऐन, २०१७ — दफा २३ को खण्ड (ग) मा रहेको "उच्च अदालतका" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालतका" भन्ने शब्दहरू राखिएको छ।

१०. भ्रष्टाचार निवारण ऐन, २०१७ — दफा २८ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

११. सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ — दफा ६ पछि देहायको दफा ६ क थपिएको छ:–

"६ क. सरकारी मुद्दा वापस लिने वा मिलापत्र गर्ने:– प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकारउपर परेको मुद्दा मामिलामा श्री ५ को सरकारको आदेश भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्रै लागु हुनेछ।

सरकारी वकीलले अरू पक्षको सहमतीले त्यस्तो मुद्दा मामिलामा मिलापत्र गर्ने वा अदालतको मन्जूरीले त्यस्तो मुद्दा मामिलामध्ये श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा मामिला वापस लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछः–

(क) मुद्दा मामिला मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन ।

(ख) मुद्दा मामिला वापस लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ । तर, कुनै गैर-सरकारी व्यक्तिको सम्पत्तिसम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा मामिला यस दफाबमोजिम अदालतबाट वापस लिन दिन हुँदैन ।

१२. जासूसी ऐन, २०१८	दफा १० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
१३. राजकाज (अपराध र सजाय) ऐन, २०१९	दफा १० को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
१४. नगरपञ्चायत ऐन, २०१९	दफा ५३ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
१५. छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९	दफा २० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
१६. हातहतियार खरखजाना ऐन, २०१९	दफा २४ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
१७. हुलाक ऐन, २०१९	दफा २२ को उप-दफा (३)को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१८. संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९	दफा ४ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
१९. रेलवे ऐन, २०२०	दफा १७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२०. साझेदारी ऐन, २०२०	दफा ४० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२१. नेपाल नागरिकता ऐन, २०२०	दफा १० को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२२. छात्रवृत्ति सम्बन्धी ऐन, २०२१	दफा ६ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२३. कम्पनी ऐन, २०२१	दफा १४६ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२४. नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१	दफा २९ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२५. संस्थान ऐन, २०२१	दफा १५ को उप-दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२६. उखडा सम्बन्धी ऐन, २०२१	दफा ८ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२७. राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४	दफा ६ र दफा १३ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।
२८. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६	दफा १२ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७	दफा १० को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।
३०. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७	दफा १८ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।
३१. पानी जहाज दर्ता ऐन, २०२७	दफा २६ को उप-दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।
३२. सञ्चार संस्थान ऐन, २०२८	दफा ३४ को उप-दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।
३३. स्थानीय प्रशासन ऐन, २०२८	दफा ८ को उप-दफा (५) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।
३४. औद्योगिक व्यवसाय ऐन, २०३०	१. दफा १८ को उप-दफा (२) को देहाय (क) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालत वा क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ। २. दफा १८ को उप-दफा (६) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएको छ।

लालमोहर सदर मिति:- २०३२।६।१७।५

आज्ञाले-
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
202